# लिखु गाउँपालिका यसम, ओखलढुङ्गा

## कोशी प्रदेश

## स्थानीय राजपत्र

## लिखु गाउँपालिकाद्वारा प्रकाशित

| खण्डः- ९ | संख्याः - ७ | मितिः- २०८२/०४/२३ |
|---|---|---|


## भाग-२

नेपालको संविधानको धारा २२२ बमोजिम गठित गाउँसभाले धारा २२६ को उपधारा १ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा १०२ उपदफा ३ को अधिनमा रहि लिखु गाउँपालिकाको **शिक्षण सिकाई अनुदान व्यवस्थापन कार्यविधि, २०७९ पहिलो संशोधन, २०८२** लिखु गाउँपालिकाले सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

### शिक्षण सिकाई अनुदान व्यवस्थापन कार्यविधि, २०७९ पहिलो संशोधन, २०८२

**प्रमाणिकरण मितिः- २०८२/०४/२३**

| दफा | भएको व्यवस्था | संशोधन हुनुपर्ने | कारण |
|---|---|---|---|
| दफा ८ क | बालविकासको शिक्षक अनुदान कोटामा छनौट भएको शिक्षकले मासिक रु.१५,०००।०० (पन्ध्र हजार मात्र) का दरले बढीमा बाह्र महिनाको पारिश्रमिक सुविधा मात्र पाउने । | बालविकासको शिक्षक अनुदान कोटामा छनौट भएको शिक्षकले सम्झौता बमोजिम पारिश्रमिक सुविधा मात्र पाउने । | गाउँपालिकाको आन्तरिक स्रोत अनुसार बजेट विनियोजन हुने । |
| दफा ८ ख | आधारधूत तह (कक्षा ६ देखि ८ सम्म ) को अनुदान कोटामा छनौट भएको शिक्षकले मासिक रु १५०००।०० (पन्ध्र हजार मात्र) का दरले बढीमा बाह्र महिनाको पारिश्रमिक सुविधा मात्र पाउने । | आधारधूत तह (कक्षा ६ देखि ८ सम्म ) को अनुदान कोटामा छनौट भएको शिक्षकले सम्झौता बमोजिम पारिश्रमिक सुविधा मात्र पाउने । | गाउँपालिकाको आन्तरीक स्रोत अनुसार बजेट विनियोजन हुने । |
| दफा ८ ग | कार्यविधि बमोजिमको करार सेवा दिने व्यक्तिले नेपाल सरकारले राजपत्रमा प्रकाशित गरेको सार्वजनिक विदा बाहेक शिक्षा नियमावलीमा तोकिए अनुसारको भैपरी विदा मात्र पाउने । | कार्यविधि बमोजिमको करार सेवा लिने व्यक्तिले नेपाल सरकारले राजपत्रमा प्रकाशित गरेको सार्वजनिक विदा बाहेक प्रचलित शिक्षा ऐन तथा नियमावलीमा तोकिए अनुसारको विदा पाउने । | प्रचलित ऐन तथा कानुनमा बाझिएको । |